## **आकाशवाणी समाचार- नेपाली**

मितिः १५ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदीले आज बिहारको पूर्णियामा 36,000 करोड रुपियाँ बराबरको धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ।

- सर्वोच्च न्यायालयले वक्फ संशोधन अधिनियम- 2025 को वैधतालाई चुनौती दिने वाली याचिकाहरु माथि आज आफ्नो निर्णय सुनाउने छ ।

- वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभएको छ कि भारत, वर्ष 2047 सम्म 30 ट्रिलियन डॉलरको अर्थव्यवस्था भएको देश बन्नेछ ।

- मौसम विभागले आगामी तीन दिनहरु सम्म पूर्वोत्तर राज्यहरु अनि महाराष्ट्रमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ ।

- भारतले एशिया कप क्रिकेटमा पाकिस्तानलाई सात विकेटले पराजित गरेको छ ।

**प्रधानमंत्री - बिहार**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज बिहारको पूर्णियामा 36,000 करोड रुपियाँ बराबरको धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ। श्री मोदीले नवनिर्मित विमानस्थलको टर्मिनल पनि लोकार्पण गर्नुहुनेछ। यस टर्मिनलले यस क्षेत्रमा हवाई सम्पर्कको लामो समयदेखिको माग पूरा गर्नेछ। प्रधानमन्त्रीले राष्ट्रिय मखाना बोर्डको उद्घाटन पनि गर्नु हुनेछ । यस वर्षको केन्द्रीय बजेटमा बोर्डको स्थापनाको घोषणा गरिएको थियो। सामाजिक सञ्जाल पोस्टमा प्रधानमन्त्री मोदीले मखाना र बिहारबीच गहिरो सम्बन्ध रहेको बताउनु भएको छ । उहाले राष्ट्रिय मखाना बोर्डले यस क्षेत्रका कृषकहरूलाई लाभ पुग्ने बताउनु भयो। भ्रमणको क्रममा प्रधानमन्त्रीले जानसभालाई पनि सम्बोधन गर्नु हुनेछ ।

**प्रधानमंत्री का कोलकाता भ्रमण**

प्रधानमंत्री नरेंद्र मोदीले आज कोलकाताको विजय दुर्ग स्थित भारतीय सेनाको पूर्वी कमान मुख्यालयमा संयुक्त कमांडर सम्मेलनको उद्घाटन गर्नु हुनेछ । यो सम्मेलन 17 सितंबर सम्म चल्नेछ । रक्षा मंत्री राजनाथ सिंह पनि यस कार्यक्रममा उपस्थित हुनु हुनेछ । प्रधानमंत्री नरेंद्र मोदी हिज साझ कोलकाता पुग्नु भयो अनि कोलकाताको राजभवनमा रात्रि विश्राम गर्नु भयो। संयुक्त कमांडर सम्मेलनमा विश्वको वर्तमान राजनीतिक स्थितिलाई ध्यानमा राख्दै सेनाको आधुनिकीकरण, सशस्त्र बलको तीनै शाखा बीच समन्वय अनि अन्य विषयमा चर्चा गरिनेछ ।

**प्रधानमंत्री-त्रिपुरा भ्रमण**

प्रधानमंत्री नरेंद्र मोदीले आगामी 22 सितंबरमा माता त्रिपुरसुंदरी मंदिरको पुनर्विकास अनि सौंदर्यीकरण पछि उद्घाटनको लागि त्रिपुराको भ्रमण गर्नु हुनेछ । मुख्यमंत्री डॉ. माणिक साहाले यसबारे घोषणा गर्दै भन्नु भयो- प्रधानमंत्री मोदी देशको संस्कृति अनि परंपराको संरक्षणको लागि प्रतिबद्ध हुनु हुन्छ । मेलाघरमा नीरमहल जल उत्सवको समापन समारोहलाई संबोधन गर्नुहुदै, राज्य सरकार सबै प्रमुख पर्यटन स्थलहरुको विकासको लागि प्रतिबद्ध डा. साहाले बताउनु भयो,। उहाले गोमती जिल्लाको बंदोवरमा 97 करोड़ रुपियाको अनुमानित लागतमा सबै 51 शक्तिपीठको प्रतिकृतिहरु बनाउने बताउनु भयो। उहाले भन्नु भयो राज्य सरकारले नीरमहललाई बढ़ावा दिने काम गरिरहेको छ जो विभिन्न संस्कृतिहरुको एक संगम हो। उहाले सरकारको ध्यान

ग्रामीण विकास माथि केंद्रित रहेको अनि एक त्रिपुरा, श्रेष्ठ त्रिपुराको लक्ष्य प्राप्त गर्नको लागि एकमुस्ट प्रयासहरुको आवश्यकता माथि ज़ोर दिनु भयो।

**प्रधानमंत्री-असम जैव इथेनोल संयंत्र**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ भारत ऊर्जा क्षेत्रमा आत्मनिर्भर बन्ने मिशनमा छ र विदेशी इन्धन माथिको निर्भरता कम गरिरहेको छ। उहाँले आज दिउँसो गोलाघाट जिल्लामा भारतको पहिलो बाँस-आधारित जैव-रिफाइनरीको उद्घाटन गर्नुभयो।जैव -इथानोल संयंत्रको उद्घाटन अवसरमा एक विशाल जनसभालाई सम्बोधित गर्दै प्रधानमन्त्रीले भारतले आफ्नो गहिरो जल ऊर्जा संसाधनहरूको उपयोग गर्ने र ऊर्जा आत्मनिर्भरतालाई बलियो बनाउने बताउनु भयो। उहाँले यो जैव -इथानोल संयंत्र त्यस लक्ष्यतर्फको एक कदम भएको बताउनु भयो। प्रधानमन्त्रीले भारत सौर्य ऊर्जाको क्षेत्रमा शीर्ष पाँच देशहरू मध्ये एक भएको जानकारी दिनु भयो। श्री मोदीले रिफाइनरीमा एक पोलिप्रोपाइलिन इकाईको शिलान्यास पनि गर्नुभयो।यसअघिए प्रधानमन्त्रीले दरांङ जिल्लामा दराङ मेडिकल कलेजए नर्सिङ कलेज र जीएनएम स्कूलको शिलान्यास गर्नुभयो। प्रधानमन्त्रीले सोही ठाउँबाट ब्रह्मपुत्र नदीमा गुवाहाटीको नारेंगी र दराङको कुरुवालाई जोड्ने नयाँ पुल निर्माण र गुवाहाटी रिङरोड परियोजनाको वर्चुअल उद्घाटन पनि गर्नुभयो।

यस अवसरमा असमका मुख्यमंत्री हिमंत बिस्वा सरमाए केंद्रीय पत्तनए पोत परिवहन एवं जलमार्ग मंत्री सर्बानंद सोनोवालए केंद्रीय पेट्रोलियम तथा प्राकृतिक गैस मंत्री हरदीप सिंह पुरी सहित अन्य गण मान्य व्यक्ति उपस्थित हुनुहुन्थ्यो। प्रधानमंत्री आज असममा आफ्नो कार्यक्रम समाप्त गरेपछि जोरहाट हवाई अड्डाबाट कोलकाताका लागि प्रस्थान गर्नुहुनेछ।

**गोयल-मीडिया कॉन्क्लेव**

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभएको छ कि भारत, वर्ष 2047 सम्म 30 ट्रिलियन डॉलरको अर्थव्यवस्था भएको देश बन्नेछ। श्री गोयलले हिज नयाँ दिल्लीमा एक निजी मीडिया संगठनको सम्मेलनमा यसो भन्नुभएको हो। श्री गोयलले प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा मुद्रास्फीति माथि नियंत्रण बारे जोर दिंदै भन्नुभयो कि बर्ष 2014 मा सत्तामा आउदा सरकारको प्राथमिकता लागत नियंत्रणमा थियो। उहाले भन्नुभयो भारतीय रिज़र्व बैंकलाई भारतको राजकोषीय अनि मौद्रिक नीतिको निरंतर निगरानीको दायित्व सुम्पिएको थियो। श्री गोयलले सरकारको सूक्ष्म, लघु अनि मध्यम उद्यमहरुलाई सहायता दिने प्रयासहरु बारे पनि जानकारी दिनुभयो। उहाले भन्नुभयो – अघिल्लो पीढ़ीको वस्तु अनि सेवा कर सुधारहरुले मानिसहरुलाई लाभ पुग्नेछ अनि कराधान प्रणाली सरल भएको छ।

**विदेशी मुद्रा भंडार - सितंबर**

भारतीय रिज़र्व ब्यांक को नवीनतम साप्ताहिक आंकडा अनुसार, 5 सितंबरमा समाप्त हप्तामा भारतको विदेशी मुद्रा भंडार 4 दशमलव शून्य तीन अरब डॉलर बढेर 698 अरब डॉलर भन्दा अधिक पुगेकोछ। यसको मुख्य कारण स्वर्ण भंडारमा वृद्धि हो। देशको विदेशी मुद्रा भंडार सितंबर 2024को सर्वकालिक उच्चतम स्तर 704 दशमलव आठ नौ अरब डॉलर नजिक पुग्न लागेको छ। रिज़र्व बैंकको आंकडा अनुसार भारतको स्वर्ण भंडार हाल जम्मा 90 दशमलव दुई अरब डॉलर छ, जो पछिलो हप्ताको तुलनामा 3 दशमलव पांच तीन अरब डॉलर अधिक हो। यसै बीच विदेशी मुद्रा भंडारको सबै भन्दा ठुलो घटक भारतको विदेशी मुद्रा परिसंपत्ति 584 दशमलव चार सात अरब डॉलर भएको छ, जसले 54 करोड़ डॉलरको वृद्धिलाई दर्शाउद छ। विदेशी मुद्रा भंडार कुनै पनि देशको केंद्रीय ब्यांक वा मौद्रिक प्राधिकरणको परिसंपत्ति हुन्छ जो मुख्य रूपमा अमरीकी डॉलर जस्ता आरक्षित मुद्रामा हुदछ जबकि यसको सानो भाग यूरो, जापानी येन अनि ब्रिटिश पाउंडमा राखिन्छ।

**रक्षा-खरीद नियमावली**

रक्षा मंत्री राजनाथ सिंहले रक्षा खरीद नियमावली 2025 लाई स्वीकृति दिनुभएको छ। यस अन्तर्गत सरलीकृत प्रक्रियाहरुको माध्यम द्वारा घरेलू उद्योगलाई सक्षम बनाउने, नवाचारलाई बढ़ावा दिने अनि उद्यमशीलतालाई समर्थन दिनको लागि सेनाहरुको राजस्व बढ़ाउने बिषयलाई तिब्र बनाउनेछ। रक्षा मंत्रालयले भनेको छ कि संशोधित दस्तावेज़ले युद्धको

आधुनिक युगमा सशस्त्र बलहरुको बढदो आवश्यकताहरुलाई पूरा गर्नेछ अनि तीनै सेनाहरु बीच एकजुटतालाई प्रोत्साहन दिनेछ । यसले चाडो निर्णय लिएर सैन्य तैयारिहरुको उच्चतम स्तर बनाई राख्नमा पनि सहायता पुग्नेछ । मंत्रालयले भनेको छ कि दस्तावेज़मा व्यापार गर्नमा सुगमतालाई अझ दह्रिलो बनाईएको छ । यसको उद्देश्य रक्षा विनिर्माण अनि प्रौद्योगिकीमा आत्मनिर्भरतालाई प्रोत्साहन दिनु हो । रक्षा मंत्रालय अंतर्गत रक्षा सेवाहरु अनि अन्य संगठनहरुको वस्तु अनि सेवाहरुको खरीद यस नियमावलीबाट विनियमित हँदछ । यस भन्दा पुर्ब वर्ष 2009 मा यसको घोषणा गरिएको थियो । सशस्त्र बलहरु अनि अन्य हितधारकहरुको परामर्श द्वारा मंत्रालय भित्र यस नियमावलीमा संशोधन गरिँदैछ ।

**प्रधानमंत्री-हॉकी टीम**

प्रधानमंत्री नरेंद्र मोदीले महिला एशिया कप 2025 मा रजत पदक जितेकोमा भारतीय महिला हॉकी टीमलाई बधाई दिनुभएको छ । प्रधानमंत्रीले एक सोशल मीडिया पोस्टमा भारतीय दलको प्रदर्शनको सराहना गर्दै भन्नुभयो कि दलको दृढ़ संकल्पता अनि टीम भावना उत्कृष्ट रह्यो ।

**मौसम**

मौसम विभागले आगामी तीन दिनहरु सम्म पूर्वोत्तर राज्यहरु अनि महाराष्ट्रमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ । आज अरुणाचल प्रदेश, असम, मेघालय, बिहार, कोंकण, गोवा, मध्य महाराष्ट्र, मराठवाड़ा, पश्चिम बंगाल निम्न हिमालय अंचल तथा सिक्किम अनि उत्तराखंडको केहि भागहरुमा पनि भारी वर्षा हुने सम्भावना छ । भोली छत्तीसगढ़, पूर्वी उत्तर प्रदेश, गंगीय पश्चिम बंगाल, झारखंड, मध्य प्रदेश, नागालैंड, उत्तरी कर्नाटक, तेलंगाना अनि विदर्भमा वर्षा हुन सक्छ । मौसम विभाग अनुसार आगामी 2 देखि 3 दिनहरुको अवधि पंजाब अनि गुजरातको केहि भागहरुमा मौसम सामान्य रहनेछ ।

**एशिया कप**

भारतले एशिया कप क्रिकेटमा पाकिस्तानलाई सात विकेटले पराजित गरेको छ । यस जीतले भारतको सुपर फ़ोरमा पुग्ने संभावना बढेको छ । दुबईमा हिज टॉस जितेर पहिला बल्लेबाजी गर्दै पाकिस्तानको पुरा टीम 19 ओवर अनि तीन बलमा केवल 126 रन मात्र बनाउन सफल भए । भारतको तर्फ बाट कुलदीप यादवले तीन, जसप्रीत बुमराह अनि अक्षर पटेलले 2-2 विकेट लिए। जवाबमा भारतले केवल तीन विकेट गुमाएर 25 बल बाँकी रहदै म्याच जिते । तिलक वर्मा अनि अभिषेक शर्माले 31-31 तथा कप्तान सूर्यकुमार यादवले नाबाद 47 रनको पारी खेले । भारतको अघिल्लो म्याच भोली हांगकांगसित हुनेछ ।